**मुक्तिनाथ दर्शन सेवा**

दैनिक माइक्रोबस छुट्ने समय :
बिहान ६:३० बजे

**पोखरा साइडसिन सेवा**

पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:00 बजे
रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर

**मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.**
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रू. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २६ ❑ अङ्क १४४ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८२ जेठ २३ गते शुक्रबार ❑ 6 June 2025 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।–


## पूर्वप्रधानमन्त्री नेपालसहित ९३ जनाविरुद्ध मुद्दा दायर

### आफूले सरकारी एक टुक्रा जमिन कसैलाई दिने निर्णय भएको छैन : अध्यक्ष नेपाल

**रासस**
काठमाडौं, २२ जेठ

अख्तियार दुरूपयोग अनुसन्धान आयोगले पतञ्जली योग पीठ तथा आयूर्वेद कम्पनी नेपालको जग्गा प्रकरण सम्बन्धमा पूर्वप्रधानमन्त्री माधवकुमार नेपालसहित ९३ जनाविरुद्ध विशेष अदालतमा बिहीबारआरोप पत्र दायर गरेको छ।



सो आरोप पत्र दायर भएसँगै नेकपा (एकीकृत समाजवादी) का अध्यक्षसमेत रहनुभएका पूर्वप्रधानमन्त्री नेपालको सांसद पद स्वतः निलम्बन भएको छ । भ्रष्टाचार निवारण ऐन, २०५९ अनुसार फौज्दारी र भ्रष्टाचारसम्बन्धी मुद्दा दायर भएसँगै सार्वजनिक ओहोदाका व्यक्तिको सार्वजनिक पद स्वतः निलम्बन हुने प्रावधान छ। उहाँ सङ्घीय संसद्अन्तर्गत रौतहट जिल्लाको प्रतिनिधिसभा क्षेत्र नं १ बाट निर्वाचित सांसद हुनुहुन्छ। काभ्रेपलाञ्चोकको नासिकास्थान साँगा, महेन्द्रज्योतिमा कम्पनी सञ्चालनको लागि हदबन्दीभन्दा बढी जग्गा खरिद गरेको तथा उक्त जग्गा कम मूल्यमा किनेर बढी मूल्यमा बेचबिखन गरेको अभियोगमा आयोगले उहाँहरूविरुद्ध मुद्दा दायार गरेको हो । उक्त कम्पनीका संस्थापक सदस्य शालीग्राम सिंहसमेतले उक्त कम्पनीको नाम प्रयोग गरी/गराई कम्पनीको उद्देश्यको प्रतिकुल हुने गरी बदनियत राखी आफूसमेतका प्रतिवादीहरुलाई लाभ हुने गरी अन्य सरकारी सार्वजनिक पदधारण गरेका व्यक्तिसँगको मिलोमतोमा उक्त जग्गा खरिद प्रकरणमा भूमिसम्बन्धी ऐन, २०२१ को दफा १० विपरितकार्य भएको आयोगको ठहर छ।

सो प्रकरणमा सम्बन्धित निकायका व्यक्ति तथा राष्ट्रसेवकले आफ्नो पदीय ओहोदाको दुरूपयोग गरी/गराई आफ्नो जिम्मामा रहेको सरकारी सार्वजनिक सम्पत्तिको सम्वन्धमा निर्णय बदनियत राखी गैरकानुनी निर्णय गरेको देखिएको आयोगले जनाएको छ।

आयोगले उक्त हदभन्दा बढी जग्गा सोही ऐनको दफा ११ बमोजिम जफत तथा सरकारी सार्वजनिक कायम हुने दाबी गरेको छ । आयोगका प्रवक्ता राजेन्द्रकुमार पौडेलले उक्त मुद्दा दर्तासम्बन्धी पत्र सङ्घीय संसद् सचिवालयमा पुगिसकेको जानकारी दिनुभयो।

यसैगरी नेपाल कम्युनिष्ट पार्टी (समाजवादी) का अध्यक्ष एवं पूर्वप्रधानमन्त्री माधवकुमार नेपालले आफूले एक टुक्रा पनि सरकारी जमिन कसैलाई दिने निर्णय नभएको बताउनुभएको छ । गृहनगर रौतहटको गौरमा बिहीबार पत्रकारहरुसँग कुरा गर्दै अध्यक्ष नेपालले आफ्नो कार्यकालमा राष्ट्रलाई नोक्सान हुने कुनै पनि निर्णय नगरेको बताउनुभयो । "म प्रधानमन्त्री हुँदा कुनै पनि मन्त्रीलाई अनुचित काम गर्न निर्देशन दिएको छैन", उहाँले भन्नुभयो-"सबै हेर्ने न्याय जीउँदै भएकाले न्यायभन्दा ठूलो र सत्यभन्दा ठूलो कुरा केही हुँदैन ।" अध्यक्ष नेपालले कसैमाथि आरोप लगाउन नचाहेको उल्लेख गर्दै कानुनभन्दा माथि कोही पनि नभएकाले अब कानुनी प्रक्रियाबाट नै अगाडि बढ्ने बताउनुभयो। अहिलेसम्म आफुले कुनै खराब नियतबाट राष्ट्रलाई हानी हुने गरी लाभ उठाएर भ्रष्टाचार नगरेको उहाँको भनाइ थियो।

अख्तियार दुरूपयोग अनुसन्धान आयोगले पतञ्जली योग पीठ तथा आयूर्वेद कम्पनी सञ्चालनका लागि हदबन्दीभन्दा बढी जग्गा खरिद गरेको तथा उक्त जग्गा कम मूल्यमा किनेर बढी मूल्यमा बेचबिखन गरेको अभियोगमा अध्यक्ष नेपालविरुद्ध मुद्दा दायर गरेपछि उहाँ बिहीबार काठमाडौं फर्कनुभएको छ।

## पर्यटन विकासमा निजी क्षेत्रको लगानी आवश्यक छ : मन्त्री पाण्डे

**पोखरापत्र संवाददाता**
पोखरा, २२ जेठ

संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री बद्रीप्रसाद पाण्डेले पर्यटन क्षेत्रको विकासमा निजी क्षेत्रको लगानी आवश्यक रहेको बताउनुभएको छ।




पर्यटन व्यावसायी महिला सङ्घ नेपाल (टेवान) पोखराको बिहीबार पोखरामा भएको सातौं वार्षिक साधारणसभा तथा चौथो अधिवेशन उद्घाटन कार्यक्रममा मन्त्री पाण्डेले निजी क्षेत्रको लगानीका कारण पर्यटन क्षेत्र समृद्ध हुँदै गएको बताउनुभयो।

पर्वतको कुश्मामा बञ्जीजम्प बनेपछि त्यहाँ दैनिक एक हजार व्यक्ति दैनिक अवलोकनका लागि पुग्ने गरेका उल्लेख गर्दै उहाँले भन्नुभयो- "कुश्मामा बञ्जीजम्प बन्नु अघि कसैले पनि हेर्दैनथे । अहिले एउटा बञ्जीजम्प र अरु संचरना बनेपछि उल्लेख्य सङ्ख्यामा पर्यटक त्यहाँ पुग्छन् ।

त्यसैले निजी क्षेत्र अग्रसर नभइकन पर्यटन क्षेत्र अगाडि बढ्न सक्दैन ।" लगानी गर्न चाहने निजी क्षेत्रलाई गलत नजरबाट नहेर्न मन्त्री पाण्डेले आग्रह गर्नुभयो। "निजी क्षेत्रलाई रातो कार्पेट बिछ्याएर लगानीका लागि निम्तो दिनुपर्छ । हामीले केही कुरामा ध्यान भने दिनुपर्छ", उहाँले भन्नुभयो, "सरकारले करछली नगर्ने कानुन बनाउनुपर्छ, निजी क्षेत्रले श्रमको शोषण गर्न पाइँदैन र उपभोक्तालाई अत्यधिक ठगी गर्न पाइदैन ।" कार्यक्रममा मन्त्री पाण्डेले मुलुकको आर्थिक समृद्धिको महत्वपूर्ण आधार पर्यटन भएको बताउनुभयो । यसको विकास र प्रवर्द्धनका लागि समन्वयात्मक ढङ्गले अघि बढ्नुपर्नेमा उहाँको जोड थियो । उहाँले हिमालसँगै पर्यटकीय क्षेत्रको ब्रान्डिङ र प्रचारप्रसारका लागि नीतिगत रूपमा अघि बढ्नुपर्नेमा जोड दिनुभयो।

## राजावादी आन्दोलनको कुनै अर्थ नरहेको, सभापति देउवा

**रासस**
काठमाडौं, २२ जेठ

नेपाली कांग्रेसका सभापति एवं पूर्वप्रधानमन्त्री शेरवहादुर देउवाले नेपालमा राजावादी गरेको आन्दोलनको कुनै अर्थ नरहेको बताउनु भएको छ।

जनकपुरधामस्थित विमानस्थलमा पत्रकारसँग बिहीबार सङ्क्षिप्त कुराकानी गर्दै उहाँले इतिहास भइसकेको राजाका नाममा आन्दोलन गर्नु वेकार हो भन्नुभयो । नेपालमा राजा आउने कुनै सम्भावना नभएको उल्लेख गर्दै सभापति देउवाले राजावादीको आन्दोलन तुहिसकेको समेत दावी गर्नुभयो।

सभापति देउवाले नेपाली कांग्रेसको समर्थनमा बनेको वर्तमान सरकारले कांग्रेसको


**बाँकी अन्तिम पृष्ठमा ▶▶**


## अन्नपूर्ण आधार शिविरलाई खेलकुदमार्फत प्रवर्द्धन गरिने

**पोखरापत्र संवाददाता**
बेनी, २२ जेठ

म्याग्दीको अन्नपूर्ण गाउँपालिका-४ नारच्याङ अवस्थित अन्नपूर्ण प्रथम हिमालको आधार शिविरलाई खेलकुद पर्यटनसँग जोड्ने पहल थालिएको छ।



अन्नपूर्ण हिमाल आरोहणको ७५ वर्ष पूरा भएको अवसरमा आयोजित 'अन्नपूर्ण हीरक महोत्सव'मा पहिलोपटक म्याराथन दौड प्रतियोगितामार्फत आधार शिविर क्षेत्रमा खेलकुद पर्यटन प्रवर्द्धनको सम्भावना उजागर गरिएको हो । समुद्री सतहबाट चार हजार १९० मिटर उचाइमा रहेको आधार शिविरबाट नारच्याङ गाउँसम्म सञ्चालन भएको म्याराथन दौड प्रतियोगिता सफलतापूर्वक सम्पन्न भएको बताउँदै यसले आधार शिविरमा खेलकुदमार्फत पर्यटन प्रवर्द्धन गर्न सकिने आधार तयार गरेको गाउँपालिकाका अध्यक्ष भारतकुमार पुनले जानकारी दिनुभयो । आधार शिविरबाट नारच्याङ गाउँसम्मको ३८ किलोमिटर दूरीको मौरिस हर्जोग पदमार्गमा भएको प्रतियोगितामा ४० जनाको सहभागिता थियो । हिमपात भइरहने आधार शिविरमा खेलकुद प्रतियोगिता आयोजना भएपछि स्थानीय खेलाडी उत्साहित बनेका छन् । उच्च स्थानअन्तर्गत आधार शिविरमा पहिलोपटक आयोजना गरिएको म्याराथन दौड प्रतियोगिताले यस क्षेत्रमा खेलकुदका गतिविधिमार्फत पर्यटन प्रवर्द्धनमा लाग्न प्रेरित गरेको नारच्याङका पर्यटन अभियन्ता तेज गुरुङले बताउनुभयो।

प्राकृतिक सौन्दर्यताले भरिपूर्ण यहाँ यसअघि प्रकृतिमा रमाउन पर्यटक आउने गरेकामा अब साहसिक खेलकुद गतिविधिमा सहभागी हुने पनि आउने उहाँले विश्वास व्यक्त गर्नुभयो । खेलकुदमार्फत पर्यटकलाई यहाँ भित्र्याउन सकिने सम्भावना बढेको उहाँको भनाइ छ। उच्च हिमाली क्षेत्रमा अल्ट्राम्याराथन दौड प्रतियोगिता प्रचलित मानिन्छ । हिमाली


**बाँकी अन्तिम पृष्ठमा ▶▶**



## सदनको गतिरोध अन्त्यका लागि माओवादी रचनात्मक ढङ्गले अघि बढ्ने

**रासस**
काठमाडौं, २२ जेठ

प्रमुख प्रतिपक्षी दल नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)ले संसद्को गतिरोध अन्त्य गर्न सिर्जनात्मक र रचनात्मक ढङ्गले अघि बढ्ने निर्णय गरेको छ।

पार्टी अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' निवासमा बिहीबारबसेको पदाधिकारी बैठकले 'भिजिट भिसा'का नाममा नागरिकमाथि ठगी भइरहेको विषयमा भने छानबिन अपरिहार्य रहेको निष्कर्ष निकालेको हो । "व्यक्ति विशेषमा पार्टीको ध्यान छैन, मुख्य विषय छानबिन समिति गठन गरी प्रभावकारी छानबिन गर्नु हो, यसबारेमा निरन्तर छलफल भइरहेको छ। यसलाई सकारात्मक निष्कर्षमा पुऱ्याउनुपर्छ भन्ने दृष्टिकोणबाट छलफल अघि बढेको छ", बैठकपछि उपाध्यक्ष एवं पार्टी प्रवक्ता अग्निप्रसाद सापकोटाले भन्नुभयो, "यो गम्भीर विषय भएकाले छानबिनका लागि वातावरण बनाउनुपर्छ । सदन सञ्चालनका बारेमा सकारात्मक छलफल गरी अघि बढ्नुपर्छ भन्ने निष्कर्ष निकालेका छौं ।"

बैठकमा पार्टीको सहायक सङ्गठन योङ कम्युनिष्ट लिग (वाइसिएल)को तेस्रो राष्ट्रिय सम्मेलनका बारेमा अध्यक्षले जानकारी दिनुभएको उल्लेख गर्दै प्रवक्ता सापकोटाले वाइसिएलमा सहमतिबाट नेतृत्व चयन गरिने बताउनुभयो । प्रवक्ता सापकाटोले द्वन्द्वकालीन मुद्दालाई लिएर सर्वोच्च अदालतबाट आएको आदेशका बारेमा अहिले टिप्पणी गर्ने समय नभएको धारणा राख्नुभयो । "लिखित आदेश आएको छैन, आफ्नै ढङ्गबाट प्रचारप्रसार र व्याख्या गरिएको छ, यसका बारेमा अहिले नै छलफल गर्नुपर्ने र धारणा बनाउनुपर्ने अवस्था होइन, पूर्णपाठ आइसकेपछि मात्रै भन्न सकिन्छ । अदालती आदेशको कुनै अंशमा वा अपूर्ण विषयमा टिप्पणी गर्नु परिपक्वता देखिँदैन", उहाँले भन्नुभयो।

# स्याङ्जाका किसानले बेचे ९० लाखको धानको बीउ

**पोखरापत्र संवाददाता**
वालिङ, २२ जेठ

स्याङ्जाका किसान धानको बीउ बिक्रीबाट रु ९० लाख बढी आम्दानी गर्न सफल भएका छन् । नेपाल सरकारबाट सिफारिस भएका विभिन्न उन्नत जातका धानको बीउ बिक्रीबाट यहाँका किसान राम्रो आम्दानी गर्न सफल भएका हुन् ।

नेपाल सरकारले बनाएको विद्युतीय बीउ व्यवस्थापन प्रणाली (डेसिस)मार्फत स्याङ्जाका किसानले उत्पादन गरेको बीउ स्याङ्जा तथा बाहिरी जिल्लामा बिक्री गरिएको हो । वालिङ नगरपालिका-१ यवादीमा रहेको कृषि विकास स्रोत केन्द्रका प्रमुख सुदीप रेग्मीका अनुसार डेसिस प्रणालीमार्फत ११५ टन उन्नत जातका धानको बीउ बिक्री भएको हो ।

"गण्डकी प्रदेशका ११ वटै जिल्ला कार्यक्षेत्र रहेको यस कार्यालयले पछिल्लो समय खाद्यान्न तथा तरकारी बालीका विभिन्न मुल बीउको परीक्षण तथा उत्पादन गर्दै आएको छ", उहाँले भन्नुभयो, "यस कार्यालयले उत्पादन गरेका मुल बीउ किसानलाई उपलब्ध गराउने र किसानले उत्पादन गरेका उन्नत बीउको बिक्रीका लागि समन्वय गर्दै आइरहेको छ ।"

स्याङ्जामा बीउ उत्पादनका लागि सूचिकृत भएका २२ समूह, सहकारी तथा फर्म रहेका छन् । सूचिकृत समूह तथा सहकारीले धान, गहुँ, मकै, आलु लगायतका उन्नत बीउ उत्पादन गर्दै आएका छन् । यस वर्ष जिल्लामा सूचिकृत भएकामध्ये १५ समूह सहकारीले रामधान, सावित्री, सावा मन्सुली, हर्दिनाथ जस्ता उन्नत जातका ११५ टन बढी धानको बीउ बिक्री गरेका उहाँले बताउनुभयो ।

स्याङ्जाबाट स्याङ्जाका स्थानीय तहहरुसहित तनहुँ, कास्की र नवलपुरका स्थानीय तहमा डेसिस प्रणालीमार्फत बिक्री गरिएको हो । स्याङ्जाबाट बिक्री भएको धानको बीउमध्ये ८० प्रतिशत रामधान, १५ प्रतिशत सावित्री र पाँच प्रतिशत सावा मन्सुली रहेको उहाँले बताउनुभयो । "जिल्लाका विभिन्न स्थानमा रहेका समूह सहकारीले उन्नत धानको बीउ उत्पादन गर्नुहुन्छ", उहाँले भन्नुभयो, "विभिन्न प्रक्रिया पूरा भई प्रमाणीकरण भएका बीउ बिक्रीका लागि किसानले डेसिस प्रणालीमा अपलोड गर्नुहुन्छ, सोही आधारमा ब्व्यवसायीको खोजी गरी बिक्री गर्छौं ।" किसानले डेसिस प्रणालीमार्फत बीउ बिक्री गर्दा प्रति किलोको छुट्टाछुट्टै मुल्य निर्धारण गरिएको छ । सोही प्रणालीमार्फत बिक्री गरेका आधारमा प्रोत्साहन रकम उपलब्ध गराउँदै आएको उहाँले बताउनुभयो ।

रामधान प्रति किलो रु ६८, सावित्री प्रतिकिलो रु ६२, खुमल प्रजाति तथा बासमतिको प्रतिकिलो रु ९८ निर्धारण गरिएको छ । धान बिक्रीपश्चात किसानलाई रामधानमा प्रतिकिलो रु २२, सावित्रीमा प्रतिकिलो रु १७ र खुमल तथा बासमतिमा प्रतिकिलो रु २८ प्रोत्साहनस्वरुप उपलब्ध गराइने उहाँले बताउनुभयो ।



पोखरा महानगरपालिका-१७ रातोपैरामा अवस्थित अन्तर्राष्ट्रिय पर्वतीय संग्रहालय अवलोकनका लागि आएका विदेशी पर्यटकहरु। तस्बिरः राधिका कँडेल/रासस

# पोखरा २६ का तीन सामुदायिक विद्यालयमा बुक फ्रि डे शुरु

**पोखरापत्र संवाददाता**
पोखरा, २२ जेठ

पोखरा महानगरपालिका वडा नं. २६ ले तीन वटा सामुदायिक विद्यालयमा बिहीबारदेखि वुक फ्रि डे कार्यक्रम शुभारंभ गरेको छ ।




वडाका रामज्योति सक्नेरी, भवानी कालिका विजयपुर र लक्ष्मी मा.वि अर्घौमा बुक फ्रि डे कार्यक्रम शुरु भएको हो । बुक फ्रि डे को शुभारम्भ गर्दै वडा अध्यक्ष नरेन्द्र थापाले सामुदायिक विद्यालयका विद्यार्थीलाई हप्तामा एक दिन व्यवहारिक ज्ञान र शिपमुलक तालिम दिईने उल्लेख गर्नु भयो । एक दिन किताबको बोझबाट विद्यार्थीलाई टाढा राखेर सिर्जनशिल बनाउने गरी कार्यक्रम तयार पारिएको स्पष्ट पार्नु भयो । विद्यार्थीलाई विज्ञान प्रविधि र इन्जिनियरिङ कला व्यवस्थापन, मोवाईल, ल्यापटप मर्मत देखी प्लबिङ र हाउस वायरिङका शिप सिकाईने अध्यक्ष थापाले बताउनु भयो । घरमा सामान्य धारा र विजुली विग्रदा पनि जनशक्ति खोज्न हिड्नु पर्ने बाध्यतालाई अन्त्य गर्न विद्यार्थीहरु सफल हुने विश्वास व्यक्त गर्नु भयो । कार्यक्रममा वडा सदस्य लक्ष्मी भट्टराई, सुजता बराल सुनार, रामज्योति मा.वि का प्रधानाध्यापक गुमनाथ लामिछाने, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष कुल बहादुर थापा, भवानी कालिका मावि का प्रधानाध्यापक रमेश भट्टराई, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष चिनिया थापा, वडा नं २६ का सूचना अधिकारी नवराज सापकोटा र सहयोगी संस्था आकारका इन्जिनियर सन्दिप पौडेल लगायतले बुक फ्रि डे का बारेमा बोलेका थिए। कार्यक्रमका लागि चालु आर्थिक बर्षमा पाँच लाख रुपैया विनियोजन गरिएको छ। तीन सामुदायिक विद्यालयका आठ, नौ र दश कक्षाका झण्डै दुई सय पचास विद्यार्थी कार्यक्रममा समावेश हुनेछन् ।

# राजावादी ...

सहमतिअनुसार काम गरिरहको र सबै पक्षलाई समेटिएको सन्तुलित एवं यथार्थपरक ढङ्गबाट नयाँ बजेट आएको बताउनुभयो । यसैगरी मुलुकको प्रमुख दुई ठूला राजनीतिक पार्टी कांग्रेस र नेकपा एमाले मिलेर बनेको वर्तमान सरकार २०८४ सालको निर्वाचनसम्म कायम रहने स्पष्ट गर्दै उहाँले सत्तागठबन्धनका विषयमा जथाभावी हल्लाका पछाडि नलाग्न सबैलाई आग्रह गर्नुभयो ।

नेपाली कांग्रेसका नेता आनन्दप्रसाद ढुङ्गानाका पिता स्वर्गीय ठाकुरप्रसाद ढुङ्गानाको स्मृतिमा आयोजित कार्यक्रममा भाग लिनेक्रममा सभापति देउवा बिहीबार आउनुभएको हो ।

# अन्नपूर्ण ...

क्षेत्रमा आयोजना हुने खेलकुदका गतिविधि साहसिक मानिने भएकाले यसको चर्चा राष्ट्रिय तथा अन्तरराष्ट्रियस्तरमा हुने गर्दछ। पहिलोपटक जिल्लास्तरीय म्याराथन दौड आयोजना भएको बताउँदै आगामी दिनमा आधार शिविरबाट राष्ट्रियस्तरको अल्ट्राम्याराथन दौड प्रतियोगिता आयोजना गर्न सकिने गण्डकी प्रदेश यथलेटिक्स सङ्घका कोषाध्यक्ष राजु थापाले जानकारी दिनुभयो । उहाँका अनुसार हीरक महोत्सवको अवसरमा आयोजित म्याराथन दौडको उपाधि अन्नपूर्ण गाउँपालिका-७ घराम्दीका कुशल पुर्जाले जित्नुभएको छ ।

सन् १९५० जुन ३ का दिन फ्रान्सका मौरिस हर्जोगले पहिलोपटक अन्नपूर्ण हिमाल आरोहण गरेको ७५ वर्ष पूरा भएको अवसरमा अन्नपूर्ण आधार शिविर जोड्ने मौरिस हर्जोग पदमार्गको प्रवर्द्धन गर्ने उद्देश्यले हीरक महोत्सव मनाइएको हो ।

अन्नपूर्ण गाउँपालिकाले दुई वर्षअघि अन्नपूर्ण आरोहण दिवसको अवसरमा आधार शिविरमा छोटो दूरीको दौड तथा विविध खेलकुद प्रतियोगिता आयोजना गरेको थियो । हिमाली भूगोलमा खेलकुदका गतिविधिबाट राष्ट्रिय तथा अन्तरराष्ट्रियस्तरमा चर्चित खेलाडीमार्फत पर्यटन प्रवर्द्धन गर्ने योजना रहेको गाउँपालिका कार्यालयले जनाएको छ ।

# रुपाताल किनारमा वृक्षरोपण

**पोखरापत्र संवाददाता**
पोखरा, २२ जेठ

विश्व वातावरण दिवस २०२५ को अवसरमा पोखरा बहुमुखी क्याम्पसका विद्यार्थीले आज कास्कीको रुपाताल किनारामा वृक्षरोपण गरेका छन् ।

रुपा गाउँपालिका-६ स्थित रुपाताल काठेपुलदेखि भङ्गारा विद्यालयसम्म करिब एक किलोमिटर दूरीको ताल किनारमा वृक्षरोपण गरिएको हो ।

पोखराको वातावरण संरक्षण गर्न सघाउने उद्देश्यले स्थापित क्याम्पसका विद्यार्थी सम्मिलित नेचर क्लबको संयोजन एवं वातावरण संरक्षण क्षेत्रमा क्रियाशील संस्था सेभ आवर हिमालय फर्स्टको आयोजना तथा रुपागाउँपालिकाको सहयोगमा कार्यक्रम गरिएको क्लबका अध्यक्ष गणेश रामदामले जानकारी दिनुभयो । समग्र समुदाय, देश र विश्वले युवा शक्ति खोजिरहेको बताउँदै उहाँले सचेतना समुदायमा सचेतना अभिवृद्धिका लागि यस किसिमको कार्यक्रम आयोजना गरिएको बताउनुभयो । कार्यक्रममा रुपा गाउँपालिकाका अध्यक्ष नवराज ओझाले वर्तमान समयमा वातावरण संरक्षण सबैको चिन्ता र चासोको विषय भएको बताउँदै जैविक विविधताको दृष्टिकोणले प्रदेशकै महत्वपूर्ण रुपाताल संरक्षण गर्न चासो राखेकोप्रति आभार व्यक्त गर्नुभयो । विद्यार्थीले रोपेका बिरुवा संरक्षण गर्ने प्रतिबद्धता व्यक्त गर्दै उहाँले स्थानीयवासीको साथ र सहयोगको अपेक्षा गर्नुभयो । उक्त अवसरमा सेभ आवर हिमालय फर्स्ट नेपालका अध्यक्ष डिबी नेपाली, वडा सदस्य सरिता सुनार, स्थानीय रुपा पुनःस्थापना तथा मत्स्य सहकारी संस्थाका अध्यक्ष शिवराज अधिकारी, पोखरा बहुमुखी क्याम्पसका प्राध्यपक पुष्पराज अधिकारीलगायतले युवा विद्यार्थीको प्रयासले सचेतना अभिवृद्धि गर्ने विश्वास व्यक्त गर्नुभयो । रुपाताल जैविक विविधताको दृष्टिकोणले गण्डकी प्रदेशकै उत्कृष्ट मानिन्छ। यो ताल पोखराको फेवालगायत अन्य सात वटा तालसँगै सन् २०१६ मा विश्व रामसार सूचीमा सूचीकृत भएको हो । रुपातालले साइवेरियाबाट बसाइँसरी आएका २२ प्रजातिका चराको मुख्य बासस्थानका रुपमा चासो र चर्चा कमाएको छ ।

# नेपाल खेलकुद महासंघ गण्डकीको दोस्रो अधिवेशन पोखरामा हुने

**पोखरापत्र संवाददाता**
पोखरा, २२ जेठ

नेपाल खेलकुद महासङ्घ गण्डकीको दोस्रो अधिवेशन यही जेठ ३० र ३१ गते पोखरामा हुने भएको छ। गण्डकी प्रदेशका ११ जिल्ला र ७ वटा खेलका प्रतिनिधिहरू गरी करिब १ सय ५० जनाको सहभागितामा उक्त अधिवेशन हुने तयारी गरिएको बिहीबार पोखरामा आयोजित पत्रकार सम्मेलन मार्फत जानकारी गराइएको हो ।

महासंघका केन्द्रीय सचिव बिष्णु पुनले अधिवेशनमा दुई वर्षे कार्यकालको लागि नयाँ नेतृत्व चयन गर्ने बताउदै नेतृत्व चयन सर्वसम्वत हुने दाबी गर्नुभयो । यसअघि महासंघले दुई वटा खेलकुद महोत्सव आयोजना गरेको उहाँले जनाउनु भयो । प्रतिनिधिहरूमा कास्कीबाट सबैभन्दा बढी ११ जना र अन्य केही जिल्लाबाट न्यूनतम ५ जना सहभागि हुनुहुने भएको छ । महिला सहभागिता सुनिश्चित गर्न प्रत्येक जिल्लाबाट कम्तीमा एक महिला र सहभागीहरूको सबै भन्दा बढी संख्या मध्ये तीन जना महिला अनिवार्य गरिएको छ । आउँदो पुष महिनामा तेश्रो संस्करणको खेलकुद महोत्सव हुने भएको पुनले बताउनु भयो ।अधिवेशनका मुख्य उद्धेश्य नेतृत्व चयन सहित "एक पालिका, एक खेल" तथा "एक जिल्ला, एक खेल" कार्यक्रमलाई कार्यान्वयन गर्न पहल गर्ने भएको महासंघ गण्डकीका संयोजक बोधराज गिरीले बताउनु भयो ।




त्यसै गरी मिसन ८४ अन्तर्गत खेल नीतिमा स्थानीय तहबाट खेलकुद ऐन निर्माण तथा विकास समिति गठन गर्ने, कुल बजेटको कम्तीमा ५% खेल क्षेत्रका लागि छुट्याउन पहल गर्ने भएको उहाँले जनाउनु भयो ।

विद्यालयमा खेल शिक्षक अनिवार्य गर्न पहल गर्ने, स्वास्थ्य, व्यवसाय र रोजगारीमा खेलको योगदान अभिवृद्धि गर्ने अभियान संचालन गर्ने, प्रदेशस्तरीय खेलकुद नीति पुनरावलोकन गर्न पहल गर्ने, खेलाडीको प्रशिक्षण, विकास तथा सुरक्षा कार्यक्रम तथा महिला र युवा सहभागिता वृद्धि गराउन सहजीकरण गर्ने भएको संयोजक गिरीले उल्लेख गर्नुभयो । महासंघका सह–संयोजक रमेश कार्कीले उक्त अधिवेशन पोखरा २५ हेमजाको माछापुच्छ्रे पार्टी प्यालेसमा हुने बताउनु भयो । नेपाल सरकारका संचार तथा सूचना प्रविधि मन्त्री पृथ्वीसुब्बा गुरुङबाट उक्त कार्यक्रमको उद्घाटन हुने भएको छ ।

# भीरकोटमा कृषि र पशु विकासमा परियोजना

**पोखरापत्र संवाददाता**
स्याङ्जा, २२ जेठ

स्याङ्जाको भीरकोटमा 'कृषि तथा पशु विकास परियोजना' सुरु भएको छ ।

भीरकोट नगरपालिकाका विपन्न र न्यून आय भएका परिवारलाई आयआर्जनमा जोडेर गरिबी निवारण गर्ने उद्देश्यले परियोजना सुरु गरिएको भीरकोट नगरपालिकाले जनाएको छ । कृषि र पशुका माध्यमबाट नगरवासीको आर्थिक स्तरमा सुधार ल्याउने गरी पालिकाले साझेदार संस्था हेफरसँग मिलेर काम गर्न सुरु गरेको नगरप्रमुख गोविन्द कुमार कर्माचार्यले जानकारी दिए ।



नगरका अधिकांश भाग पहाडी क्षेत्र भएको भीरकोटमा कृषि र पशुपालनलाई पहिलो प्राथमिकतामा राखेर उत्पादनसँगै बजारीकरण गर्ने उद्देश्यले विशेष कार्यक्रम शुरु गरिएको छ ।

परियोजनाले कृषि तथा पशु उद्यम अन्तर्गत महिला समूहलाई परिचालन गरी काम गर्ने छ । कार्यक्रमले कृषि उत्पादन र बजारीकरण महत्वपूर्ण सहयोग पुऱ्याउने नगरपालिकाले विश्वास लिएको छ ।

महिला तथा पछाडि परेको समुदायलाई परियोजनाले उद्यमशीलतामा जोड्ने प्रयास गरिने भएको छ । नगरका नौं वडाका न्यून आय भएका घरपरिवार पहिचान गरी तत्काल काम अगाडि बढाइने हेफरका वरिष्ठ कार्यक्रम प्रबन्धक प्रेम साम्बयुले जानकारी दिए। उनका अनुसार विपन्न तथा न्यून आय भएका महिला तथा युवा लक्षित कार्यक्रम सञ्चालन हुनेछ

परियोजनाले बैङ्कसँगको सहकार्यमा सहुलियत कर्जा प्रवाहका लागि समेत काम गर्ने पालिकाले जनाएको छ । हेफरले परियोजनामा भीरकोट नगरपालिकाको ७० प्रतिशत र हेफरको ३० प्रतिशत साझेदारी रहने पालिकाले जनाएको छ ।

भीरकोट नगरपालिकाको समन्वयमा हेफर प्रोजेक्ट नेपाल र दियालो संस्थाको सहकार्यमा परियोजना सञ्चालन हुनेछ। २० महिने अवधिका लागि संचालन हुने परियोजनाका लागि तीन करोड ५० लाख रुपैयाँको बजेट विनियोजन गरिएको नगरपालिकाका योजना अधिकृत यामप्रसाद रेग्मीले जानकारी दिए ।




फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

ऋण लिने दिने मान्छे नै सबैभन्दा दुःखी हुन्छ ।

– थोमस फुलर

## सम्पादकीय

# नेपालमाथि भ्रष्टाचार मुद्दा

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले पतन्जली जग्गा प्रकरणमा पूर्वप्रधानमन्त्री माधव कुमार नेपालसहित ९३ जनालाई प्रतिवादी बनाएर विशेष अदालतमा मुद्दा दायर गरेको छ। नेपालविरुद्ध १८ करोड ५८ लाख ५० हजार रुपैयाँ विगो जरिवाना र सजाय मागदाबी सहित भ्रष्टाचार मुद्दा दायर भएको छ । अन्यको हकमा भने विगो रकम फरक फरक छ । हदबन्दीभन्दा बढी जग्गा खरिदबिक्री गर्न दिई सरकारी सार्वजनिक सम्पत्ति हिनामिना र हानिनोक्सानी गरी भ्रष्टाचार गरेको आरोप उनीहरुमाथि लागेको छ।

भ्रष्टाचार मुद्दा दायर भएपछि नेपालको सांसद पद स्वतः निलम्बनमा परेको छ । नेपालको इतिहासमा पहिलोपटक पूर्व प्रधानमन्त्रीमाथि भ्रष्टाचार मुद्दा दर्ता भएको हो । यस्तै, मन्त्रिपरिषद्को निर्णयमाथि भ्रष्टाचारविरुद्धको मुद्दा चलेको पहिलोपटक हो । अख्तियारले दुई महिना अघि मुद्दा लाने तयारी गर्दा राजनीति दलहरूको बिरोध र राजावादीको आन्दोलनका कारण रोकिएको थियो । अख्तियारले सानो माछालाई मात्र मुद्दा लगाएर ठूलो माछा छोडेको भन्ने भाष्य यश पटक तोडिएको छ।

पतञ्जलि योगपीठले जडीबुटी खेती र आयुर्वेद अस्पताल निर्माणका लागि हदबन्दी छुटमा जग्गा खरिद गरेको थियो । तत्कालीन सरकारको निर्णयबाट हदबन्दी छुटमा पाएको जग्गा पछि मन्त्रिपरिषदकै निर्णयबाट बिक्री गरेको भेटिएपछि अख्तियारले छानबिन थालेको थियो । हरेक मन्त्रालय र विभागमा गर्ने उजुरीको आधारमा अख्तियारले थाल्ने कदमलाई पुर्व प्रधानमन्त्रीको सहभागी हुने कार्यक्रम भूमिसम्बन्धी ऐन, २०२१ मा कुनै उत्पादनमूलक उद्योग वा व्यवसाय गर्न सरकारले हदबन्दीमा छुट हुने गरी जग्गा राख्ने सुविधाको व्यवस्था छ। तर त्यसरी सुविधामा खरिद गरेको जग्गा बिक्री गर्न पाइदैन । हदबन्दी छुटमा पाएको जग्गा सरकारले नै बिक्री गर्न अनुमती दिएपछि प्रश्न उठेको थियो।

भारतको पतञ्जलि योगपीठले काभ्रेमा आयुर्वेद शिक्षालयदेखि अस्पताल र जडीबुटी फार्म सञ्चालन गर्न २०६४ सालमा कम्पनी दर्ता गरेको थियो । हदबन्दीभित्रको जग्गाले नपुग्ने भएपछि उसले सरकारलाई हदबन्दी छुटमा जग्गा राख्ने अनुमति दिन आग्रह गरेको थियो । १८ माघ, २०६६ मा माधव कुमार नेपाल नेतृत्वको मन्त्रिपरिषदले पतञ्जली दिने थियो । जग्गा किनेको केही महिनामा नै उसले जग्गा बेच्ने निर्णय गर्यो।कानूतः हदबन्दी छुटको जग्गा बेच्न मिल्दैन, कम्पनी विघटन हुँदा सहुलियतको जग्गा स्वतः सरकारीकरण हुने कानूनी व्यवस्था छ । तर २०६६ सालमै तत्कालिन सरकारले जग्गा बिक्री गर्न अनुमति दिने निर्णयले गर्दा मुद्दा लगाउने अवस्था आएको हो। नेकपा एकीकृत समाजवादीले अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट पतन्जली जग्गा प्रकरणमा अध्यक्ष माधव नेपालमाथि राजनीतिक प्रतिशोधका आधारमा मुद्दा चलाएको आरोप लगाएको छ।

पार्टी कार्यालय आलोकनगरमा बिहीबार बसेको उपलब्ध नेताहरुको बैठकले विगतदेखि नै पार्टी र नेताहरुकाविरुद्ध चलेको षड्यन्त्रको सिलसिला अनुसार अध्यक्ष नेपालमाथि पूर्वाग्रही ढंगले प्रतिशोध साँधिएको ठहर गरेर पतान्जलीलाई जग्गा दिने र बेच्न दिने निर्णय कति गलत थियो भन्ने नसोच्नु मुर्खता हो। अध्यक्ष नेपालमाथि लागेको आरोपको कानूनी र राजनीतिक प्रतिवाद गर्ने बताएको छ। नेपालले अदालतबाट क्लिचिट लिएर यो पुर्वाग्रही कदम हो भन्ने सन्देश दिन सके प्रतिशोध भन्ने प्रमाणित हुन्छाक्लिन चिट पाउनु अझ बलियो बन्नु हो । सजिलो बाटो छोडेर भण्डाफोर गर्छौं भन्नू आङ कन्याएर छारो निकाल्नु जस्तै हो।आवेगमा दिइने प्रतिक्रिया अपरीपक्व हुनेछ।


# तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : शुभ यात्रा | तुला | : सत्कार मिल्नेछ |
| वृष | : आर्थिक समस्या | वृश्चिक | : शारीरिक झमेला |
| मिथुन | : स्वास्थ्यमा सुधार | धनु | : मानसिक तनाब |
| कर्कट | : कार्यमा सफलता | मकर | : ब्यापारमा लाभ |
| सिंह | : सहयोग मिल्नेछ | कुम्भ | : शत्रुको भय |
| कन्या | : अप्रत्यसित लाभ | मीन | : झमेला बड्ने |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# फूस्रेखोलामा वातावरण दिवस मनाइयो



पोखरापत्र संवाददाता
पोखरा, २२ जेठ

विश्व वातावरण दिवसको अवसरमा पोखरा वडा न २१ फूस्रेखोला दशमुरेमा वृक्षारोपण गरिएको छ।

फूस्रेखोला टोल विकास संस्थाको आयोजनामा प्लाष्टिकजन्य प्रदूषण न्यूनीकरण :हाम्रो दाहित्व भन्ने मुल नाराका साथ उक्त स्थानमा रहेको हाम्रो नमुना पार्कमा वृक्षारोपण गरिएको थियो । कार्यक्रममा प्रमूख अतिथी डिभिजन बन कार्यालय कास्कीका प्रमूख कोमलराज काफले रहनु भएको थियो । सो अवसरमा उहाँले मानवको जनसँख्या पृथ्वीको भार भन्दा बढी भएकोले वातावरण सन्तुलन विगरदै गएको बताउनुभयो । उहाँले नेपालमा विकासको नाममा वातावरणको विनास हुदै गएको उल्लेख गदै प्लाष्टिक जन्य बस्तु बहिष्कार गरि प्राकृतिक स्रोत र साधन प्रयोगमा ल्याउनुपने बताउनुभयो। कार्यक्रममा पोखरा वडा नम्बर २१ वडाअध्यक्ष दिपक प्रसाद सुवेदीले वडाबाट करिब १५ वटा विकास निर्माणका काम सम्पन्न भएको उल्लेख गनृभयो। सूवेदीले वातावरण सन्तूलनको लागि आएका योजनामा आफूले सकारत्मक रहेको बताउन्भयो।

पार्क निर्माणका सयोजक देव प्रसाद पहारीले जनसमुदायको आर्थिक संकलनबाट पार्क निर्माण कार्य थालनी गरिएको जानकारी दिनुभयो । पार्कमा वेलपत्र, पारिजात, रुदराक्ष धुवी, अशोक लगायतका बिभिन्न जातका विरुवा लगाइएको थियो । टोल विकास संस्थाका अध्यक्ष रामचन्द्रको अध्यक्षतामा भएको थियो। उक्त कार्यक्रममा लोककल्याणकारी बचत तथा ऋण सहकारीका अध्यक्ष पुर्णदिप सिग्देल ,नयाँपुल महिला बचत सहकारी अध्यक्ष भिमा सुवेदी ,तारापुञ्ज आमा समूह अध्यक्ष नन्द कुमारी पोखेल ,पहारीडाँडा बाँयाटारी बन उयभोक्ता समितिका अध्यक्ष राम प्रसाद पहारी लगायतका वकताहरुले आ-आफनो भनाइ राख्नभएको थियो।

# पोखरा इन्टरनेटको नयाँ अफर साथी रिफर गर्दा इन्टरनेट सेवा निशुल्क

पोखरापत्र संवाददाता
पोखरा, २२ जेठ

पोखराको अग्रणी इन्टरनेट सेवा प्रदायक संस्था पोखरा इन्टर नेटले नयाँ अफरको शुरुवात गरेको छ। अफर अन्तरर्गत आफ्नो साथीलाई रिफर गर्दा इन्टरनेट सेवा निशुल्क प्राप्त गर्न सकिने इन्टरनेटकि मार्केटिङ एसिस्टेन दिपा दुलालले जानकारी दिइन्।

अफरको अन्तरर्गत कम्पनीको नियम अनुसार एक जना साथी सिफारिस गर्दा प्रयोगकर्ताले २ महिनाको निःशुल्क इन्टरनेट सेवा प्राप्त गर्न सक्नेछन्। त्यस्तै ५ जना साथीहरू सिफारिस गर्दा भने, पुरै १ वर्षको निःशुल्क इन्टरनेट सेवा प्राप्त गर्न सकिने एसिस्टेन दुलालले उल्लेख गरिन् ।

इन्टरनेटले समय समयमा बिभिन्न अफरहरु ग्राहक समक्ष प्रदान गर्दै आइरहेको छ । पोखरामा स्थापना भएको पोखरा इन्टरनेटले गण्डकी प्रदशेका सबै जिल्लामा आफ्नो सेवा बिस्तार गरेर इन्टरनेट प्रदान गर्दै आइरहेको छ।


**नेपाल सरकार**
**भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय**
**भूमि व्यवस्थापन तथा अभिलेख विभाग**
**मालपोत कार्यालय, कास्की**

**मालपोत कार्यालय कास्की पोखराबाट प्रकाशित भएको हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना**

सूचना प्रकाशित मिति २०८२/०२/२०

कास्की जिल्ला मौजे लाहाचोक ११/९ नं. का जि.म. पदं बहादुर शाहीको डिल बहादुर जिम्मा साविक १९९१ सालको पाखो तर्फको मोठ लगत उतार बमोजिम मोठ नं. ६२८ द्र.नं. १२ मा धने सार्कीको नाउँबाट साविक दर्ता भएको बिजमाना ॥ १।८ को तिरो रु.२० पैसा लागेको २०३४ सालसम्मको तिरो श्रीलाल सार्कीका नामबाट तिरेको भु.सु. ७ नं. फाराममा श्रीलाल सार्कीकै नामबाट लगत दिएको सर्भे नापीमा लाहाचोक २ को कि.नं. २९५ क्षे.फ. ०-१५-०-१ को जग्गा विरहमा मकै किसिममा अब्बल भएको १ कित्ता जग्गा मानविर सार्कीका नाउँमा फिल्डबुक कायम भएको दर्ता छुट हुन गएको मानविर सार्कीको मिति २०६७।०५।२१ मा मृत्यु भएको मृतक मानविर सार्कीको एकमात्र श्रीमती डल्ली सार्कीको पनि मिति २०६९।०८।१५ मा मृत्यु भएको मृतक दम्पतिबाट २ छोरा जेठा ईन्द्र बहादुर सार्की र कान्छा छोरा निवेदक नयन बहादुर सार्कीको जायजन्म भएकोमा जेठा ईन्द्र बहादुर सार्कीको मिति २०७३।१२।२९ मा मृत्यु भएको मृतकको नजिकको हकदारमा एक मात्र श्रीमती विभा सार्की रहेकोले विभा सार्की र नयन बहादुर सार्की निवेदक भनि वडा सिफारिस बाट खुली आएकोले हामीले नै भोगचलन गर्दै आएको उक्त जग्गा हाम्रो नाउँमा छुट जग्गा दर्ता नामसारी गरिपाउँ भनी कास्की जिल्ला साविक लाहाचोक हाल माछापुच्छे गा.पा. वडा नं. ४ बस्ने बिभा सार्की र नयन बहादुर सार्कीले यस कार्यालयमा संयुक्त माग निवेदन पेश गर्नुभएको हुँदा उक्त जग्गामा यस अघि कसैले कारवाही चलाएको भए वा निजहरुको माग बमोजिम छुट जग्गा दर्ता नामसारी गर्न नमिल्ने वा दर्ता हुन नपर्ने कुनै कारण भए वा तपशिलमा उल्लेखित जग्गामा अरु कसैको हक लाग्ने भए वा सरकारी सार्वजनिक पर्न गए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्र सवुद प्रमाण सहित दावी उजुरी गर्न आउनुहोला । अन्यथा कानुन बमोजिम भै जानेछ। पछि कसैको उजुर बाजुर लाग्ने छैन।

तपशिल

| जिल्ला | गा.वि.स. | वडा नं. | कित्ता नं. | क्षेत्रफल | विरह | किसिम | फिल्डबुकको व्यहोरा |
|---|---|---|---|---|---|---|---|
| कास्की | लाहाचोक | २ | २९५ | ०-१५-०-१ | मकै | अब्बल | मानविर सार्की |

ईति संवत २०८२ साल जेठ २० गते रोज ३ शुभम्।


# राष्ट्रिय फूल लालीगुराँस जोगाउन बृक्षारोपण

पोखरापत्र संवाददाता
स्याङ्जा, २२ जेठ

विश्व वातावरण दिवसको अवसरमा राष्ट्रिय फूल लालिगुराँसको संरक्षण गर्दै बृक्षारोपण गरिएको छ।

स्याङ्जाको डिभिजन वन कार्यालयले डडेलो र संरक्षणको अभावमा लालिगुराँस फूलका बोटहरु लोप हुने अवस्था आउन थालेपछि ५२ औं विश्व वातावरण दिवसको अवसर पारेर बिरुवाहरु बृक्षारोपण ग रेको हो । यो फूल जहाँपायो त्यहाँ नपाइने र धेरै उचाईमा हुने हुँदा यसको संरक्षण गर्ने अभियानमा डिभिजन बन कार्यालय स्याङ्जा लागेको डिभिजन प्रमुख नवराज बरालले जानकारी दिए । भावी पुस्ताका लागि पनि यो फूल संरक्षण गर्ने जिम्मेवारी हामी सगँ रहेको छ डिभिजन प्रमुख बरालले भने,'नेपालको राष्ट्रिय फूल पनि भएकाले स्याङ्जामा लालिगुराँस पार्क नै निर्माण गरेका छौं ।' जिल्लाको आँधीखोला गाउँपालिका १ पञ्चमुलमा लालिगुराँस हरित पार्क नै बनाएका छौं उनले भने।

जिल्लाका विभिन्न भागमा गरेर ३ सय जति लालिगुराँसका बिरुवा बृक्षारोपण गरिएको बरालको भनाई छ। लालिगुराँस हरित पार्कमा स्याङ्जाका प्रमुख जिल्ला अधिकारी ईश्वरीप्रसाद अर्यालको विशेष उपस्थितीमा लालिगुराँस सहित विभिन्न फुलहरु बृक्षारोपण गरिएको बराले बताए। विश्व वातावरण दिवसलाई सफल बनाउन डिभिजन बन कार्यालय स्याङ्जाले प्रजिअ सहित जिल्ला प्रहरी कार्यालयका प्रमुख दधीराम न्यौपाने, राष्ट्रिय अनुसन्धानका प्रमुख सुशान्त बराल लगायत सुरक्षा समितिका प्रमुखहरु, उपभोक्ता मन्चमा अध्यक्ष राजेन्द्र मरासिनी, वडा अध्यक्ष पवनकाजी अधिकारी सहित स्थानीय उपभोक्ता समुह, कर्मचारीहरुको सहभागितामा बृक्षारोपण गरेको छ। सोही अवसरमा आँधीखोला र फेदिखोला सव डिभिजन कार्यालय परिषरमा समेत बृक्षारोपण गरिएको कार्यालय प्रमुख बरालले बताए । लालीगुराँस पार्कमा बिरेन्द्र, कल्की, पारिजात लगायतका फुलका बिरुवाहरु बृक्षारोपण गरिएको छ। पछिल्लो समय वातावरण प्रतिकुल भएको अवस्थामा यस्ता बृक्षारोपणले हाम्रो वातावरणलाई राम्रो बनाउने विश्वास प्रजिअ अर्यालले गरे । वातावरण जोगाइराख्न सबै सरोकारवाला निकायहरु सक्रिय हुनुपर्ने बेला आएको भन्दै प्रजिअ अर्यालले वातावरण प्रदुषण बढ्ने खालका सामाग्रीहरु प्रयोग नगर्न समेत सुझाए। यसैविच भीरकोट नगरपालिका स्थित बालोदय आवसीय माविले प्लेकार्ड सहित सचेतनामुलक र्याली निकालेर विश्व वातावरण दिवस मनाएको छ । वातावरण संरक्षणमा सबैले ध्यान दिऔं, बृक्षारोपण गरौ, प्लाष्टिकको झोला प्रयोग नगरौ, जथाभावी फोहोर नफ्याकौ लगायतका नारा लेखिएको प्लेकार्ड बोकेर विद्यार्थीहरुले र्याली मार्फत विश्व वातावरण दिवसमा सन्देश दिएको प्रिन्सिपल अमृत अर्यालले जानकारी दिए। जिल्लाका स्थानीयतहहरु विश्व वातावरण दिवसमा बेखबर भएका बेला नीजि विद्यालय स्तरबाट आयोजना गरिएको सन्देशमुलक र्यालीले महत्वपुर्ण भुमिका खेलेको प्रिन्सिपल अर्यालले बताए । डिभिजन वन कार्यालय स्याङ्जाले बाहेक जिल्लामा कुनै पनि पालिकाहरुले विश्व वातावरण दिवस मनाएनन् ।

# मध्यपहाडी लोकमार्गको मोदीखोलामा पुल निर्माण सुरु

रासस
पर्वत, २२ जेठ

पुष्पलाल मध्यपहाडी लोकमार्ग आयोजनाअन्तर्गत पर्वत खण्डमा पर्ने मोदीखोलामा 'आर्क ब्रिज' निर्माण हुने भएको छ।

राजमार्गको पर्वतखण्ड कालोपत्र गरी सम्पन्न भएको दुई वर्षपछि पुल निर्माण हुन लागेको हो। मोदी गाउँपालिका-२ पातीचौर-६ डिमुवा जोड्नेगरी पुल निर्माण हुन लागेको पुष्पलाल मध्यपहाडी लोकमार्ग आयोजना कार्यालयले जनाएको छ । आयोजनाका इञ्जिनियर कल्पना मिश्रका अनुसार आर्क ब्रिज निर्माणका लागि भौतिक पूर्वाधार विकास मन्त्रालयअन्तर्गत पुल विभागबाट स्वीकृत भएको छ । पुल निर्माण हुने स्थानमा रहेका विद्युत्का उपकरण हटाउने काम भइरहेको इञ्जिनियर मिश्रले जानकारी दिनुभयो। बैसठ्ठी मिटर लामो र ११ मिटर चौडा पुल निर्माणका निम्ति रु सात करोड ५० लाखमा ठेक्का सम्झौता भइसकेको छ।


**विमालेख हरायो**

यहि मिति २०८२/०१/०५ गते काहुँखोलाबाट महेन्द्रपुल जाने क्रममा एशियन लाइफ इन्स्योरेन्स कम्पनीको निम्न लिखित विवरणको विमालेख हराएको हुँदा फेला पार्नुहुने महानुभावले सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु ।

विमितको नामः अस्मीता बराल
विमालेख नं. ६५१००००५८५०
सम्पर्क नं. ९८२६११०९८१

**नेपाल सरकार**
**भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय**
**भूमि व्यवस्थापन तथा अभिलेख विभाग**
**मालपोत कार्यालय, कास्की**

**मालपोत कार्यालय कास्कीबाट जारी भएको नामसारी हकदावी गर्ने ३५ दिने सार्वजनिक सूचना**

सूचना प्रकाशित मिति २०८१/०२/२०

यसमा कास्की जिल्ला साबिक लाहाचोक गाविस वडा नं.३ हाल कास्की जिल्ला माछापुच्छ्रे गा.पा वडा नं. ४ बस्ने आदित्य जि सी को माग निवेदन अनुसार पदम बहादुर घर्ती क्षेत्रीको नाती पदम बहादुर घर्ति क्षेत्रीको छोरा पर्त बहादुर घर्तीको मिति २०७८/०६/१५ मा मृत्यु भएको निजको दुई श्रीमती रहेकोमा जेठी श्रीमती टुल्की घर्तीको मिति २०४७/०१/१३ मा मृत्यु भएको र कान्छी श्रीमती गोमा घर्ती क्षेत्रीको पनि मिति २०८१/०८/१७ मा मृत्यु भएको निजको २ श्रीमतीहरुबाट ४ सन्तानको जायजन्म भएकोमा जेठी तर्फका दुई छोरा चुहान बहादुर घर्ती र नेत्र बहादुर घर्तीले आफुले पाउने अंश हकदाबी गरि लिईसकेको र कान्छी तर्फको एक छोरा आदित्य जि सी र छोरी भिमा देवी पौडेल भएकोमा छोरीको विवाहदान भईसकेको हुँदा मृतक पर्त बहादुर घर्तीको नाममा दर्ता कायम रहेको घाहाचोक २ का तपसिल बमोजिमका कित्ता नं. का जग्गाहरु आफ्नो नाममा एकलौटी नामसारी गरीपाउँ भनि मिति २०८२।०२।१६ मा मृतक जग्गाधनीको छोरा आदित्य जि सी को माग निवेदन पेश हुन आएको । यसमा मृतक जग्गाधनी पर्त वहादुर घर्ती क्षेत्रीका नाममा श्रेस्ता कायम रहेका जग्गामा निवेदक वाहेक अन्य कोही हकदार भएमा निवेदकका नाममा नामासारी गर्दा फरक पर्छ वा पर्दैन ? अन्य कोहि हकदार हो वा होईन ? कसैको हकदावी भएमा सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र यस कार्यालयमा कार्यालय समयभित्र प्रमाण सहित उपस्थित हुन यो सार्वजनिक सूचना प्रकासित गरिएको छ। म्यादभित्र कोहीकसैको मागदावी उजुर बाजुर नपरे माग निवेदन बमोजिम पर्त बहादुर घर्तीको नाममा रहेका तपसिलको कि.नं का जग्गाहरु निवेदकका नाउमा नामसारी भैजाने व्यहोरा समेत सम्बन्धित सबैमा यसै सार्वजनिक सूचना मार्फत जानाकारी गराईन्छ।

तपशिल

| जिल्ला | गा.वि.स. | वडा नं. | सिट नं. | कि.नं. | क्षेत्रफल |
|---|---|---|---|---|---|
| कास्की | घाहाचोक | २ | ०९३०५५६ | ४ | ०-७-३-३ |
| कास्की | घाहाचोक | २ | ०९३०५५६ | १७६९ | २-११-०-३ |
| कास्की | घाहाचोक | २ | ०९३०५५६ | १९६६ | ३-५-१-१ |
| कास्की | लाहाचोक | १ | ०९३०५९५ | २२८७ | ०-८-२-३ |
| कास्की | लाहाचोक | १ | ०९३०५९५ | २२८९ | ०-१२-१-३ |
| कास्की | लाहाचोक | १ | ०९३०५९५ | १९७६ | ०-१२-०-१ |

ईति संवत २०८२ साल जेष्ठ महिना २० गते रोज ३ शुभम् ।

**गण्डकी प्रदेश सरकार**
**उद्योग तथा पर्यटन मन्त्रालय**
**पर्यटन, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय**
**पर्यटन तथा उद्योग कार्यालय, कास्की**

**फर्म बन्द सम्बन्धी ३५ दिने सार्वजनिक सूचना**

प्रथम पटक प्रकाशित सूचना २०८२/०२/२२

यस कार्यालयबाट मिति २०८१/११/२१ मा कास्की जिल्ला पोखरा-१७, कास्कीमा संचालन गर्ने गरि पोखरा-१७ कास्की निवासी शिशिर के सी को नाउँमा दर्ता भएको फर्म दर्ता नं. २६५४७/०८१/०८२ को के सी एकिकृत कृषि फर्म नामक फर्मको प्रोप्राईटरले मिति २०८२/०२/२२ मा फर्म बन्द गरीपाँउ भनी आवश्यक कागजात सहित रितपूर्वक निवेदन दिनुभएको हुँदा यो ३५ दिने फर्म बन्द सम्बन्धी सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यदि सो फर्ममा अरु कसैको हकदावी एवम् कुनै पनि प्रकारको सामाजिक दायित्वहरु तथा लेनदेन भएमा सवुत प्रमाण सहित यो सूचना प्रकाशन भएको मितिले ३५ दिनभित्र यस कार्यालयमा लिखित उजुरी दिनुहुन अनुरोध गरिन्छ । म्यादभित्र लिखित उजुरी नपरेमा उक्त फर्म नियमानुसार खारेज भई जाने हुँदा सम्बन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशन गरिएको छ।

**पर्यटन तथा उद्योग कार्यालय**
**कास्की**

# जनप्रिय बहुमुखी क्याम्पसद्वारा समुदायमा सरसफाइ

**पोखरापत्र संवाददाता**
पोखरा, २२ जेठ




विश्व वातावरण दिवस २०२५ को छेको पारेर जनप्रिय बहुमुखी क्याम्पसले विश्वविद्यालय अनुदान आयोगको समन्वयमा बिहीबार समुदायमा सरसफाइ अभियान सम्पन्न गरेको छ।

क्याम्पस सञ्चालक समितिका अध्यक्ष वीरेन्द्रनारायण विजुक्छे क्याम्पसको कक्षाकोठामा मात्रै सीमित नरही वातावरण संरक्षणको सन्देश र सचेतना दिन सरसफाइ कार्यक्रमले सामाजिक उत्तरदायित्व निभाउने हुँदा विद्यार्थीलाई व्यवहारिक शिक्षा दिएको बताए । विजुक्छेले एनएसटिसी क्लबका प्रमुख समुद्र आचार्यलाई सफाइ सामग्री दिँदै कार्यक्रमको उद्घाटन गरेका थिए । क्याम्पस प्रमुख कृष्णबाबु बरालले विश्व वातावरण दिवसले हामीलाई पृथ्वीप्रति हाम्रो कर्तव्य संझाएको छ। 'प्लास्टिक प्रदूषण अन्त्य गरौं, साझा चुनौतीमा साझा प्रयास गरौं' भन्ने नारासहितको यस अभियानले समुदायमा वातावरणीय चेतना अभिवृद्धिमा सघाएको हुँदा यसलाई निरन्तरता दिने प्रतिवद्धता जाहेर गरे। कार्यक्रम संयोजक दिव्यालक्ष्मी चालिसेले उच्च शैक्षिक संस्था र उच्चशिक्षा लिने विद्यार्थीहरूमा स्वच्छ वातावरण निर्माणका लागि जिम्मेवारीको भावना विकास गर्दै सानासाना प्रयासबाट परिवर्तन सम्भव छ भन्ने सन्देश दिने उद्धेश्यले सरसफाइ अभियान गरिएको बताइन । अभियानमा सञ्चालक समितिका पदाधिकारी, शिक्षक, कर्मचारी, विद्यार्थी र स्थानीय समुदायका व्यक्तिले क्याम्पस परिसर, पुरानो एयरपोर्ट देखि रत्नचोकसम्मको सरसफाइ गरेका थिए । प्लास्टिकजन्य फोहर व्यवस्थापनका उपायहरूबारे जनचेतना दिँदै प्लास्टिक प्रदूषणविरुद्ध ऐक्यवद्ध हुन प्रेरित गरिएको जानकारी सहायक प्रशासक महादेवकुमार पालिखेले दिए । विश्व वातावरण दिवस २०२५ को सन्देशलाई आत्मसात गर्दै जनप्रिय क्याम्पसले गरेको यो पहलले स्थानीय स्तरमा वातावरणीय संरक्षणको अभ्यासलाई सबल बनाउने विश्वास गरिएको छ।

# छुवाछूत उन्मूलन राष्ट्रिय दिवसमा अठार जना दलित सम्मानित

**पोखरापत्र संवाददाता**
तनहुँ, २२ जेठ

उन्नाइसौं जातीय भेदभाव तथा छुवाछूत उन्मूलन राष्ट्रिय दिवसका अवसरमा यहाँका ८० वर्षमाथिका १८ जना दलित ज्येष्ठ नागरिकलाई आँबुखैरेनी गाउँपालिकाले सम्मान गरेको छ।

'जातीय भेदभाव तथा छुवाछूत अन्त्य गरौं, समतामूलक समाजको निर्माण गरौं' नारासहित बुधबार आँबुखैरेनीमा आयोजित कार्यक्रममा नगदसहित दोसल्ला र सम्मानपत्रले उहाँहरूलाई अभिनन्दन गरिएको हो।

आँबुखैरेनी गाउँपालिका अध्यक्ष शुक्र चुमानले उहाँहरूलाई सम्मान गर्नुभएको हो । सो अवसरमा अध्यक्ष चुमानले दलित समुदायलाई सधैं प्राथमिकता राखेर गाउँपालिकाले नीति तथा कार्यक्रम अघि बढाउँदै आएको बताउनुभयो । सोही अवसरमा गाउँपालिकामा निर्वाचित आठ जना दलित जनप्रतिनिधिलाई पनि सम्मान गरिएको थियो । सम्मान कार्यक्रम आँबुखैरेनी गाउँपालिका कार्यपालिका सदस्य गङ्गा विकको सभापतित्वमा भएको थियो।

# देवघाटबाट कालीगण्डकी पदयात्रा सुरु

**पोखरापत्र संवाददाता**
दमौली, २२ जेठ

तनहुँको प्रसिद्ध धार्मिकस्थल देवघाटबाट कालीगण्डकी पदयात्रा सुरु भएको छ । देवघाट गाउँपालिका-५ बेणीसङ्गमबाट आज बिहान पदयात्रा सुरु गरिएको हो । पदयात्राको पूर्वसन्ध्यामा बुधबार साँझ सोही ठाउँमा आरती र पूजा गरिएको थियो।

कालीगण्डकी नदीको अस्तित्व जोगाउन कालीगण्डकी नदीको शिर दामोदरकुण्डसम्म पदयात्रा गरिनेछ । देवघाटबाट सुरु भएको पदयात्रा चार हप्ताको पैदल यात्रापछि कालीगण्डकीको शिर दामोदर कुण्डमा पुगेर सम्पन्न हुनेछ । पदयात्राका संयोजक तथा देवघाटस्थित महेश संस्कृत गुरुकुलका प्राचार्य फणिन्द्रप्रसाद पौडेलले राष्ट्र, राष्ट्रियता, संस्कार, संस्कृति र मौलिक सनातनी नेपाली गौरवलाई देशभित्र र बाहिर परिचित गराउने र आत्मगौरवले सजिएको नेपाली स्वाभिमानको पुनर्जागरण गर्ने उद्धेश्यले ऐतिहासिक कालीगण्डकी पदयात्रा आयोजना गरिएको बताउनुभयो।

उक्त पदयात्रामा महेश संन्यास आश्रमका सन्त मधुसुदनानन्द गिरि र रमणानन्द गिरीका साथमा गलेश्वर आश्रम, हरिहर संन्यास आश्रमका सन्तहरुको उपस्थिति रहेको छ । देवघाटदेखि दामोदरकुण्डसम्मको उक्त पदयात्रा २५ दिनको रहनेछ । तराइदेखि पहाड हुँदै हिमालसम्मको पदयात्राको दूरी ४३१ किलोमिटर रहेको छ । महेश संन्यास आश्रमका वर्तमान पीठाधीश युवासन्त स्वामी रमणानन्द गिरीजी महाराजको मौलिक नेपाली स्वाभिमान, संस्कार र सभ्यताप्रतिको सम्मान, समर्पण र प्रवर्द्धन गर्ने दृढ लगाव तथा विश्वासमा उक्त पदयात्रा सञ्चालन गर्न लागिएको पौडेलले बताउनुभयो।

कालीगण्डकी संसारकै ठूलो हिमशृङ्खलाबाट उत्पन्न भएर नेपालको मध्यभागलाई सिञ्चन गर्दै बग्ने संसारकै पवित्रतम देवनदी हो । यसका तटवर्ती क्षेत्रहरुमा हजारौं वर्षदेखि मानवीय अस्तित्व संरक्षित रहेको छ । त्यसका कारण कालीगण्डकीका किनारमा अनेकौं जीवन, संस्कृति र सभ्यताहरु विकसित भएका छन् । विश्वमा देवताको प्रत्यक्ष स्वरुप मानिने शालिग्राम यसै नदीमा मात्र उपलब्ध हुने भएकाले पुराण वाङ्मयले कालीगण्डकीलाई देवनदीका रुपमा वर्णन गरेका छन् । यसै तथ्यलाई अवलम्बन गरेर हजारौं तपस्वी ऋषिमुनिहरुले गण्डकीका पवित्र किनारलाई विचार र ज्ञानसाधनाको केन्द्रकारुपमा प्रयोग गर्दै आएका छन्। धार्मिक, पौराणिक र आध्यात्मिक ऊर्जाका अतिरिक्त अनुपम प्राकृतिक सौन्दर्य, जैविक विविधता तथा पर्वतीय जनजीवनको जीवन्त सम्पदाका रुपमा समेत गण्डकीको सेरोफेरो प्रसिद्ध मानिन्छ। साथमा यस क्षेत्रले सनातनको आस्था र विश्वासमा अडिएको नेपाली जनजीवन, सामाजिक संरचना तथा अर्थतन्त्रलाई गतिशील बनाउन सक्ने पर्यटकीय अथाह सम्भावना बोकेको छ।

# मुक्तिनाथ केवलकार परियोजनाको लगानी स्वीकृत

**रासस**
काठमाडौं, २२ जेठ

लगानी बोर्ड नेपालको ६४औं बैठकले मुक्तिनाथ केवलकार परियोजनाको लगानी स्वीकृतिलगायत विभिन्न परियोजना अघि बढाउने निर्णय गरेको छ।

प्रधानमन्त्री एवं बोर्डका अध्यक्ष केपी शर्मा ओलीको अध्यक्षतामा बिहीबार प्रधानमन्त्री निवास, बालुवाटारमा बसेको बैठकले पर्वतको सेराफाँट (वीरेठाँटी/नयाँ पुल)देखि मुस्ताङको मुक्तिनाथसम्म सात स्थानमा स्टेशनसहित ८१.०४१ किलोमिटरको लामो केवलकार निर्माणका लागि लगानी स्वीकृत गरेको हो। रु ५७ अर्ब ६४ करोड ३७ लाख लागत रहने उक्त परियोजना निर्माण, स्वामित्व, सञ्चालन र हस्तान्तरण 'बूट' (बिल्ड, ओन, अपरेट, ट्रान्सफर) ढाँचामा मुक्तिनाथ दर्शन प्रालिले निर्माण गर्न प्रस्ताव गरेको थियो। बैठकले उक्त प्रालिसँग परियोजना विकासको सम्झौताको शर्त आदि विषयमा वार्ता गर्न बोर्डका प्रमुख कार्यकारी निर्देशक सुशील ज्ञवालीको संयोजकत्वमा समिति गठन गरेको छ । उक्त केवरकार सञ्चालनमा आएमा स्थानीयस्तरमा ठुलो मात्रामा पर्यटक र रोजगारी वृद्धि हुने अपेक्षा गरिएको छ । बैठकले ७५० मेगावाट क्षमताको रु १६० अर्ब लगानी रहने पश्चिम सेती जलाशययुक्त आयोजनाको विस्तृत परियोजना प्रतिवेदन थप अध्ययन गर्ने, नेपालमा रेलमार्ग क्षेत्रमा सहकार्यका लागि अध्ययन गर्न दक्षिण कोरियाको कोरेल नामक संस्थासँग गरिने सम्झौताको मस्यौदा मन्त्रिपरिषद्बाट स्वीकृति लिने निर्णय पनि गरेको छ । त्यसैगरी ४३.२ मेगावाटको छिलुङ खोला जलविद्युत आयोजना, २१६ मोगावाटको बझाङ माथिल्लो सेती जलविद्युत आयोजना र ४४ मोगावाटको बकान खोला जलविद्युत परियोजनाको लगानी स्वीकृतिको निर्णय बोर्डबाट भएको छ।

**नेपाल सरकार**
**भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय**
**भूमि व्यवस्थापन तथा अभिलेख विभाग**
**मालपोत कार्यालय, कास्की**

## मालपोत कार्यालय कास्की पोखराबाट प्रकाशित भएको हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

सूचना प्रकाशित मिति २०८२/०२/२०

कास्की जिल्ला मौजे लाहाचोक ११/९ नं. का जि.मु. पदम बहादुर शाहीको डिल बहादुर जिम्मा साविक १९९१ सालको पाखो तर्फको मोठ लगत उतार बमोजिम मोठ नं. ६५१ द.नं. २० मा बाटुले दमाईको नाउँबाट साविक दर्ता भएको बिजमाना ॥ ३ मध्ये ॥।४ लागी २०३४ सालसम्मको तिरो श्रीलाल सार्कीका नामबाट तिरेको भु.सु. ७ नं. फाराममा श्रीलाल सार्कीकै नामबाट लगत दिएको सर्भे नापीमा लाहाचोक-२ को कि.नं. २९४ क्षे.फ. ०-१२-१-३ को जग्गा विरहमा मकै किसिममा अब्बल भएको १ कित्ता जग्गा श्रीलाल सार्कीका नाउँमा फिल्डबुक कायम भएको दर्ता छुट हुन गएको श्रीलाल सार्कीको मिति २०६०।१०।२९ मा मृत्यु भएको मृतक श्रीलाल सार्कीको श्रीमती मुरली सार्कीको पनि मिति २०५४।०४।०८ मा मृत्यु भएको मृतक दम्पतिबाट २ छोरा २ छोरीको जायजन्म भएकोमा जेठी छोरी लक्ष्मी सार्की अविवाहीत रहेको हुँदा हामी २ छोरा इन्द्र बहादुर सार्की, सोमनाथ सार्की र १ छोरी लक्ष्मि सार्की निवेदक रहेको भनि बडा सिफारिसबाट पनि खुली आएकोले हामीलेनै भोगचलन गर्दै आएको उक्त जग्गा हाम्रो नाउँमा छुट जग्गा दर्ता नामसारी गरिपाउँ भनी कास्की जिल्ला साविक लाहाचोक हाल माछापुच्छे गा.पा. वडा नं. ४ बस्ने इन्द्र बहादुर सार्की, सोमनाथ सार्की र लक्ष्मी सार्कीले यस कार्यालयमा संयुक्त माग निवेदन पेश गर्नुभएको हुँदा उक्त जग्गामा यस अघि कसैले कारवाही चलाएको भए वा निजहरुको माग बमोजिम छुट जग्गा दर्ता नामसारी गर्न नमिल्ने वा दर्ता हुन नपर्ने कुनै कारण भए वा तपशिलमा उल्लेखित जग्गामा अरु कसैको हक लाग्ने भए वा सरकारी सार्वजनिक पर्न गए यो सूचना प्रकाशित भएको मितिले ३५(पैतिस) दिन भित्र सबुद प्रमाण सहित दावी उजुरी गर्न आउनुहोला। अन्यथा कानुन बमोजिम भै जानेछ। पछि कसैको उजुर वाजुर लाग्ने छैन।

तपशिल

| जिल्ला | गा.वि.स. | वडा नं. | कित्ता नं. | क्षेत्रफल | विरह | किसिम | फिल्डबुकको व्यहोरा |
|---|---|---|---|---|---|---|---|
| कास्की | लाहाचोक | २ | २९४ | ०-१२-१-३ | मकै | अब्बल | श्रीलाल सार्की |

ईति संवत २०८२ साल जेठ २० गते रोज ३ शुभम्।

## एउटै व्यक्ति भएको सूचना



कास्की जिल्ला माछापुच्छ्रे गाउँपालिका वडा नं.०२ (साविक सार्दीखोला-१) निवासी ना.प्र.नं २१९६० तथा भारतीय सैनिक नं.३७००३६९ Rank HAV/GD 37 आसाम राईफल्सका मिन बहादुर गुरुङको नागरिकता प्रमाणपत्रमा जन्म मिति २०३०/०५/०८ तदअनुसार August 24.1973 A.D. भएको तर निजको भारतीय सेना आसाम राईफल्सको सेवामुक्ति प्रमाणपत्रमा जन्म मिति August 22.1973 A.D. उल्लेख भई फरक परेता पनि निज एउटै र उही व्यक्ति भएको व्यहोरा सिफारिस गरिन्छ भनि कास्की जिल्ला माछापुच्छ्रे गाउँपालिका ०२ नं. वडा कार्यालयको च.नं. १८३० मिति २०८२।०२।२० को र जिल्ला प्रशासन कार्यालय कास्की को चं. नं. ९०४३ मिति २०८२/०२/२१ को सिफारिस पत्रबाट लेखी आएकोले सोही व्यहोरा सम्बन्धित सबैको लागि जानकारी गराइन्छ।

**फेदीखोला गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**फेदीखोला, स्याङ्जा**
**गण्डकी प्रदेश, नेपाल**

## पुनः प्रयोग योग्य सामग्रीहरू बिक्रीका लागि बढाबढको दररेट पेश गर्ने सम्बन्धी सूचना।

**(प्रथम पटक प्रकाशित मितिः २०८२/०२/२३)**

फेदीखोला गाउँपालिकाको सरसफाई व्यवस्थापन कार्यक्रम अन्तर्गत फोहोरका रुपमा सङ्कल भै आएका र सुक्ष्म वर्गीकरण गरी पुनः प्रयोग योग्य बनाइएका निम्नानुसारका पुनः प्रयोग योग्य सामाग्रीहरु बढाबढमा बिक्री गर्नुपर्ने भएकोले इच्छुक खरीद कर्ता वा व्यक्ति वा फर्महरुले दररेट सहितको प्रस्ताव पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ। दररेट पेश गर्न इच्छुक खरीद कर्ता वा व्यक्ति वा फर्महरुले आँफुले खरिद गर्न चाहेको पुनः प्रयोग योग्य सामाग्रीको खरिद मूल्य दरभाउपत्रमा वा निवेदनमा अंक र अक्षरमा प्रष्ट खुलाई निम्नानुसारका कागजातहरु सङ्लग्न राखी गाउँपालिकाको कार्यालय, फेदीखोला गाउँपालिका, स्याङ्जामा सूचना प्रकाशन भएको मितिले सातौं दिनको कार्यालय समयभित्र दररेट सहितको प्रस्ताव पेश गर्नुपर्नेछ। दरभाउपत्र पेश गर्दा दरभाउपत्र वा निवेदनमा स्पष्ट रुपमा कामको नाम, खरिदको लागि पेश गरेको हरेक आइटमको दररेट भरी सहीछाप गरी यसै सूचनामा उल्लिखित कागजात साथमै राखी खामबन्दी गरी खामबाहिर समेत प्रस्तावदाताको नाम ठेगाना र कामको नाम उल्लेख गरी पेश गर्नुपर्नेछ।

तपसिल

| क्र.सं. | सामाग्रीको विवरण | क्र.सं. | सामाग्रीको विवरण |
|---|---|---|---|
| १ | कागज | ३.४ | तामा |
| १.१ | झुरा कागज | ३.५ | पित्तल |
| १.२ | कपि | ४ | कपडा |
| १.३ | किताब | ५ | शिशा |
| १.४ | कार्डबोर्ड (गत्ता) | ५.१ | सग्लो बियरको बोतल |
| २ | प्लाष्टिक | ५.१.१ | .....(टुबोर्ग कार्लस्बर्ग जस्तै ब्राण्ड उल्लेख गर्नुहोस) |
| २.१ | एल.डी./एच.एम. | ५.१.२ | .....(टुबोर्ग कार्लस्बर्ग जस्तै ब्राण्ड उल्लेख गर्नुहोस) |
| २.२ | पी.पी. | ५.१.३ | .....(टुबोर्ग कार्लस्बर्ग जस्तै ब्राण्ड उल्लेख गर्नुहोस) |
| २.३ | पेट बोतल | ५.१.४ | .....(टुबोर्ग कार्लस्बर्ग जस्तै ब्राण्ड उल्लेख गर्नुहोस) |
| २.४ | गुडिया | ५.२ | फुटेको (सेतो) |
| २.५ | कचरा | ५.३ | फुटेको (रातो/हरियो) |
| २.६ | पी.भी.सी. | ५.३ | फुटेको (मिश्रित रंगको) |
| २.७ | सी.पी.भी.सी. | ६ | काठ, दाउरा |
| २.८ | रस्सीहरु | ७ | विभिन्न किसिमका तारहरु |
| २.९ | बहुतह प्लाष्टिक (Multi–Layer) | ८ | रेडियो, टिभी, मोवाइल लगायतका विद्युतीय सामग्रीहरु |
| ३ | धातुहरु | ९ | रबर |
| ३.१ | टीन | ९.१ | टायर |
| ३.२ | फलाम | ९.२ | ट्यूब |
| ३.३ | आल्मुनियम | ९.३ | अन्य |

**दररेट उल्लेख गरेको निवेदन साथ पेश गर्नुपर्ने कागजातहरुः**

क) व्यक्तिको हकमा पेश गर्नुपर्ने कागजातहरुः
१. रीतपूर्वकको निवेदन/दरभाउपत्र (दरभाउपत्र गाउँपालिकाबाट प्राप्त गर्न सकिने)
२. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी

ख) फर्म, कम्पनी वा संस्थाले पेश गर्नुपर्ने कागजातहरुः
१. रीतपूर्वकको निवेदन/दरभाउपत्र (दरभाउपत्र गाउँपालिकाबाट प्राप्त गर्न सकिने)
२. फर्म, कम्पनी वा संस्थाको दर्ताको प्रमाणपत्रको प्रतिलिपी (नविकरण गर्नुपर्ने कागजातको हकमा नविकृत गरिएको प्रमाण पत्र)
३. आ.व. २०८०/०८१ सम्मको करचुक्ताको प्रमाण पत्रको प्रतिलिपी
४. मु.अ.क./प्यान दर्ता प्रमाणपत्रको प्रतिलिपी

तोकिएको समयमा कार्यालयमा खरीदकर्ताद्वारा पेश भै दर्ता हुन आएका दररेटहरुलाई विश्लेषण गर्दा प्रति इकाईमा सबै भन्दा बढी मूल्य पेश गर्ने खरीदकर्तासँग कम्तिमा एक वर्षका लागि खरीद सम्झौता गर्न सकिनेछ। माथि उल्लिखित कागजातहरु सङ्लग्न नराखी पेश गरेको, शर्तसहित पेश गरेको वा म्याद नाघी पेश भएको दररेट सहितको प्रस्ताव उपर कुनै कारवाही हुनेछैन त्यस्ता प्रस्तावलाई प्रस्ताव मूल्याङ्कनमा समावेश गरिने छैन। यस सूचनामा उल्लिखित विषयहरु यसै बमोजिम र उल्लेख नभएका विषयहरु प्रचलित कानून बमोजिम हुनेछन्। यस सूचना सम्बन्धी विस्तृत विवरण र शर्तहरु यस कार्यालयको वेभसाइट www.phedikholamun.gov.np बाट वा प्रशासन, योजना तथा आन्तरिक व्यवस्थापन शाखामा सम्पर्क राखी लिन सकिनेछ। सम्पर्क इमेल ठेगाना, मोवाइल तथा फोन नं.ः phedikhola174@gmail.com र **मो.नं.** ९८४६०७०९११, ९८४०१९७१७५,९८५६०६६६०३, **फोन नं.** ०६३-४०२०५३